(ग) विज्ञापनमा लेखिएको भन्दा बढी उम्मेदवार लिइयो भन्ने सम्बन्धमा योग्यताक्रम वा सिफारिश मिति जुन पहिलो हुन्छ सोको ३५ दिनभित्र उजूरी दिनु पर्नेछ ।

४. म्याद नाघी आएको र सम्बन्धित ठाउँमा नपुगेको उजूरीमाथि कारवाई गरिने छैन ।

५. उजूरी दस्तूर रू. १।– को टिकट तोकिएको छ ।

आज्ञाले,
भुवनमानसिंह प्रधान
सचिव
लोक सेवा आयोग

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४२।११।१९ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका श्री नीलकण्ठ रावपाध्यालाई श्रम तथा सामाजिक कल्याण मन्त्रालयको सह-सचिव पदबाट हुलाक सेवा विभागको महानिर्देशक पदमा सरुवा गरेको छ ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

### सूचना २

श्री ५ को सरकारले देहायको मितिको निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| क.सं. | नाम र थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय | निर्णय मिति |
|---|---|---|---|---|
| १. | श्री हरिप्रसाद दुलाल | शाखा अधिकृत, गोश्वारा हुलाक कार्यालय । | राजपत्राङ्कित तृतीय श्रेणी, गृह मन्त्रालय वा अन्तर्गत कार्यालय । | २०४२।१०।२८ |
| २. | श्री प्रतापकुमार पाठक | शाखा अधिकृत, सिंचाइ तथा जलवायु विज्ञान विभाग । | राजपत्राङ्कित तृतीय श्रेणी, उद्योग मन्त्रालय वा अन्तर्गत कार्यालय । | ” |
| ३. | श्री लोकबहादुर बल | घरेलु उद्योग अधिकृत, घरेलु तथा ग्रामीण उद्योग विकास शाखा, दाङ । | राजपत्राङ्कित तृतीय श्रेणी, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय वा अन्तर्गत कार्यालय । | ” |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५५